# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

**साना मेसिनरी कृषि औजार माग गर्ने सम्बन्धी सूचना ।**
(प्रथम पटक प्रकाशन मिति : २०८२/०९/०२)

प्रस्तुत विषयमा चालु आ.व. २०८२/०८३ मा यस अर्जुनधारा नगरपालिकाको लागि संघीय सरकारबाट सशर्त अनुदानतर्फ "हिउँदे मकै प्रवर्द्धन कार्यक्रम" अन्तर्गत मकै खेती गर्ने कृषकहरूलाई ५० प्रतिशत अनुदानमा साना मेसिनरी कृषि औजार (मकै रोप्ने मेसिन, मकै गोड्ने मेसिन, मकै छोडाउने मेसिन, कुटानी पिसानी मिल) वितरण गरिने भएको हुँदा इच्छुक कृषकहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन अर्थात् २०८२/०९/२२ गतेभित्र कृषि विकास शाखामा कार्यालय समयभित्र आवश्यक कागजात सहित माग निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

**क) मापदण्डः**

न्यूनतम ५ कठ्ठामा मकै खेती गरेको हुनुपर्ने।

**ख) आवश्यक कागजातहरू:**

१. माग निवेदन (शाखामा उपलब्ध ढाँचामा)
२. सम्बन्धित वडाको सिफारिस पत्र
३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
४. कृषक समूहको हकमा निर्णयको प्रतिलिपि
५.निजि फर्मको हकमा गत आ.व को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी
६. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (कृषक समूह/कृषि फर्मको हकमा)
७. आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (कृषक समूह/कृषि फर्मको हकमा)
८. विगत ३ वर्षभित्र समान प्रकृतिको अनुदान कुनै पनि सरकारी कार्यालयबाट नलिएको स्व-घोषणा पत्र।

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत